# मिति २०७८।०६।१० गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं.१ :** श्री नं.४ बाहिनी अड्डा ईमामनगर ब्यारेक अर्न्तगत श्री भैरव प्रसाद गणको सुरक्षा पोष्ट रेहको यस नेपालगंज उप-महानगरपालिका वडा नं.६ स्थित फुल्टेकामा स्थापना हुन लागेको नेपाली सेना राष्ट्रिय Sports Acadamyको यस उप-महानगरपालिका बाट प्रवेश द्धवार, बाटोमा मट फिलिङ र ग्राविल तथा नक्सा पास निशुल्क गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** यस उप-महानगरपालिकाको गत आ.व. २०७७/०७८मा सम्झौता भई क्रमागत योजनाको रुपमा संचालनमा रहेको ठेक्का नं. **NSMC/NCB/W04/2077/78** , **"फुल्टेका तालमा माटो पटान, गेट तथा Boundary wall निर्माण"** कार्य सम्बन्धी सम्मानननीय उच्च अदालत तुलसीपुर, नेपालग्रज इजालसको मिति २०७७/०३/२३ गतेको **"समुच्चा जगालाई भित्र पाने गरी पर्खाल लगाउने बाहेक जग्गाको खण्डीकरण हुने गरी भौतिक संरचना र स्वारुप परिर्वतन नगरी कुनै पनि प्रकारको निर्माणको कार्य नगर्नु नगराउनु"** भन्ने आदेश बमोजिम सम्झौतामा रहेको माटो पटानको कार्य मात्र गर्न नपाईने र अन्य कार्य गेट तथा Boundary wall कार्य गर्नको लागि रोक नलागेकोले उक्त ठेक्कामा रहेको सम्झौता वमोजिम माटो पटानको रकमलाई पर्खाल लागाउनको लागि भेरिएसन आदेश स्वीकृत गरी कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.३** यस नेपालगंज उप-महानगरपालिका नगरकार्यपालिकाको कार्यालय र सो अर्न्तगतका वडा कार्यालयहरुमा विगत लामो समय देखी ज्यालादारी र करार सेवामा काम गर्दै आएका कर्मचारीहरुको करार म्याद थप गरी कामकाजमा लागाउने निर्णय गरियो ।

**निर्णय नं. ४:** यस नेपालगंज उप-महानगरपालिकामा काम गर्दै आएका कानुनी सल्लाकार र प्रेस सल्लाकारको करार म्याद थप गर्ने र साविकमा पाउँदै आएको पारिश्रमीकमा कानुनी सल्लाकारको हकमा रु. १०,०००/- (अक्षेरुपी दश हजार) र प्रेस सल्लाकारको हकमा रु ५०००/- (अक्षेरुपी पाँच हजार) थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:** यस नेपालगंज उप-महानगरपालिकाको आयोजना र लाईफ लाईन अस्पतालको सहयोगमा लाइफलाईन हस्पिटलमा विशेषज्ञ सेवा सहितको निशुल्क स्वास्थ्य शिविर संचालन गर्ने तथा जस्मा लाग्ने औषधीहरु निशुल्क उपलब्ध गराउने र प्रचारप्रसार, सूचाना तथा सञ्चार र अन्य कार्यको लागि रु ३६६०००/- (अक्षेरुपी तीन लाख छैसट्ठी हजार) रकम उपलब्ध गराउने र शिविरमा उपलब्ध हुने सेवाहरु फ्लेक्स बनाएर सवै वडाहरुमा पठाउने निर्णय गरियो ।

# मिति २०७८।०६।१० गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं ६ :** नेपालगंज उप-महानगरपालिकाको शहर सौन्दरीकरण र पर्यटन प्रर्वद्धनको लागी यस उप-महानगरपलिका भित्र रहेका खाली वालहरुमा Painting गर्ने र त्यसमा लाग्ने खर्च रु.१०००००/- (अक्षेरुपी एक लाख रुपैयाँ) नगरकार्यापालिकाले व्यहोर्ने र संस्कृत पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र NATA लगायत अन्य विभिन्न पर्यटकीय संघ संस्थाहरुको सहकार्य र समन्वयमा आयोजना हुने नेपालगंज मार्टको लागि रु ५०००००/- (अक्षेरुपी पाँच लाख) यस उप-महानगरपालिकाले सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं ७ :** यस नेपालगंज उप-महानगरपालिकाको वडा नं. ६ फुल्टेक्रा स्थित क्रिकेट स्टेडियम निर्माणको लागि रु दुई करोड बजेट विनियोजन भएकोमा उक्त रकमवाट वातावरणीय प्रभाव मूल्याङ्न EIA/AIE तयारी कार्यको लागि रु. २५०००००/-(अक्षेरुपी पच्चीस लाख) छुट्याउने र DPR अनुसार २ वटा पानीका पोखरीहरु निर्माण गर्ने निर्णय गरियो ।